मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २९ ◆ अङ्क : २३० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार २२ गते शनिबार (Saturday, 6 July 2024) नेपाल सम्वत् ११४४ Web : www .purwanchaldaily .com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**चट्याङ्को समयमा सतर्क रहौं ।**

**चट्याङबाट बच्ने उपायः**
- बिजुली चम्केको बेला सतर्क रहने,
- बिद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयमसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने
- सकभर अग्लो स्थानमा नबस्ने
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने

नेपाल सरकार
विज्ञापन बोर्ड

अल्पमतमा परिसकेका प्रचण्डले पाउलान् त विश्वासको मत ?

## असार २८मा विश्वासको मत

**काठमाडौं, असार २१।** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्नो सरकार अल्पमतमा परेसँगै असार २८ गते प्रतिनिधिसभामा विश्वासको मत जाँच गर्ने व्यवस्था गर्न संघीय संसदका महासचिवलाई पत्राचार गरेका छन् ।

संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले मिलेर सरकार बनाउने सहमति गरेपछि प्रचण्डको सरकार सङ्कटमा परेको थियो । दुई दिनअघि मुख्य सत्ता साझेदार एमालेले आफ्नो समर्थन फिर्ता लिएको थियो भने उक्त दलका तर्फबाट सरकारमा सहभागी मन्त्रीहरूले राजीनामा बुझाएका थिए ।

सरकारमा सहभागी कुनै एक दलले समर्थन फिर्ता लिएको अवस्थामा ३० दिनभित्र विश्वासको मत जाँच्नुपर्ने संवैधानिक व्यवस्था छ। प्रचण्ड एमालेले साथ छाडेको नौ दिनभित्र उक्त प्रक्रियामा जान लागेका हुन् । कांग्रेसले नयाँ बन्ने सत्ता गठबन्धनमा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्री बनाउने केन्द्रीय समितिबाट निर्णय गरिसकेको छ। उनीहरूले सरकार स्पष्ट रूपमा अल्पमतमा रहेकाले राजीनामा दिएर मार्गप्रशस्त गर्न नयाँ समीकरणका दलहरूले आग्रह गरिरहँदा प्रचण्डले विश्वासको मत जाँच्न लागेका हुन् ।



**चौथो पटक विश्वासको मत लिँदै प्रचण्ड**

सङ्घीयता कार्यान्वयनमा गएपछि भएको दोस्रो संसदीय निर्वाचन वि.सं. २०७९ पछि पुस १०मा उनी प्रधानमन्त्री नियुक्त भएका थिए ।

त्यस क्रममा उनले दुईपटक एमालेसँग र एकपटक कांग्रेससँग सत्ता समीकरण फेरे । १८

*(बाँकी अन्तिम पृष्ठमा)*

## राहदानी बनाउन जाँदा आप्रवासी स्रोत केन्द्रमा अनिवार्य परामर्श

**झापा, असार २१।** जिल्ला प्रशासन कार्यालय झापाले राहदानी (पासपोर्ट) बनाउन आउने सेवाग्राहीले अबदेखि अनिवार्य रुपमा आप्रवासी स्रोत केन्द्रमा परामर्श लिनुपर्ने नियमलाई कडाइका साथ लागू गर्ने निर्णय गरेको छ ।

सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले आप्रवासी स्रोत केन्द्र र जिल्ला प्रशासन कार्यालयबीच स्रोत केन्द्रहरूको कार्य प्रगति सम्बन्धी अन्तरक्रिया कार्यक्रम पश्चात् सो नियमलाई कडाईका साथ लागू गर्ने निर्णय गरेको हो ।

वैदेशिक रोजगारी, शिक्षण तथा अन्य प्रयोजनका लागि विदेश जानेहरू राहदानी (पासपोर्ट) बनाउन आउँदा प्रशासन कार्यालयभित्रै स्थापना गरिएको आप्रवासी स्रोत केन्द्रमा परामर्श लिनुपर्ने प्रावधानलाई कडाईका साथ लागू गरिएको प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोलाले जानकारी दिए । राहदानी शाखाको बाहिर सो सम्बन्धी सूचनामूलक बोर्ड राख्ने, परामर्श लिन आएका सेवाग्राहीको आवेदन फारममा छाप लगाउने कार्य अनिवार्य गर्ने र सो छाप लगाएपश्चात् मात्र राहदानीको लागि फोटो खिचाउने प्रक्रियामा जाने निर्णय गरिएको प्रजिअ बाँस्तोलाले बताए ।



वार्षिक तथ्याङ्क हेर्दा विदेशिने व्यक्तिहरूले केन्द्रहरूबाट जानकारीमूलक परामर्श नलिएकोले ठगिने जस्ता समस्याहरू बढ्दै गएको छ। त्यसको रोकथाम तथा न्यूनीकरणका लागि पनि परामर्श सेवालाई अनिवार्य बनाइएको उनको भनाइ छ ।

चालू आर्थिक वर्षको जेठ मसान्तसम्म प्रशासन कार्यालय झापाबाट २७ हजार ७ सय ९१ राहदानी जारी भएको छ । त्यसमध्ये १० हजार ४५१ जनाले मात्र आप्रवासी स्रोत केन्द्रमा परामर्श लिएको सामीका कार्यक्रम संयोजक शेखर बुढाथोकीले जानकारी दिए । १७ हजार ३ सय ४० अर्थात् ६२ दशमलव ३९ प्रतिशत सेवाग्राहीहरू सूचनाको पहुँचबाट छुटेको उनको भनाइ छ । त्यस्तै इलाका प्रशासन कार्यालय गौरीगञ्जबाट २ हजार ७०६ राहदानी जारी भएकोमा आप्रवासी स्रोत उप केन्द्रमा एक हजार ५४० जनाले परामर्श लिएको छ । एक हजार १६६ जना सूचनाको पहुँचबाट वञ्चित भएको उनले बताए ।

भद्रपुर र गौरीगञ्जमा रहेका स्रोत केन्द्रमा चालू आर्थिक वर्षमा १४३ वटा मुद्दा परेकोमा ३६ वटा समाधान भएको र १०६ वटा मुद्दा अझै प्रक्रिया रहेको सामीको सहयोगी संस्था हेल्भेटासका कार्यक्रम अधिकृत रोहित विश्वकर्माले जानकारी दिए । भद्रपुर नगर प्रमुख गणेश पोखरेलको अध्यक्षता भएको कार्यक्रममा प्रजिअ बाँस्तोला, सहायक प्रजिअ विश्वराज नेपाल, प्रमुख प्रशासकीय अधिकृत सुनिल निरौला लगायतको उपस्थिति रहेको थियो । त्यसैगरी सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले भद्रपुर, मेचीनगर, दमक र गौरीगञ्जमा खटिएका कर्मचारीहरूसँग वार्षिक समीक्षा गोष्ठी समेत सम्पन्न गरिसकेको जनाइएको छ ।

## विदेशी मुद्रासहित दुई जना पक्राउ

**काठमाडौं, असार २१।** अवैध रूपमा लुकाईछिपाई बाह्य मुलुकतर्फ लैजान लागेको विदेशी मुद्रासहित रूसी नागरिक ४० वर्षीय सर्गेई कोरोत्किख २३ वर्षीया एलेना शातिलोभालाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौंबाट दुबई जान लागेका उनीहरूलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय उडानतर्फको प्रस्थान होल्ड ब्यागेज एरियामा चेकिङ गर्ने क्रममा सर्गेई कोरोत्किखलाई विभिन्न दरका गरी जम्मा १ लाख ८० हजार ९ सय युएई दिराम र ५ सय अमेरिकी डलर तथा एलेना शातिलोभालाई १९ हजार ५९ अमेरिकी डलर र १४ हजार २ सय युएई दिरामसहित फेला पारी पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान एवम् कानूनी कारवाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहरभवन पुल्चोक ललितपुर पठाइएको प्रहरीले जनाएको छ ।

## 'चिन्ता' हेर्न जाँदा कुटपिट, एक जनाको मृत्यु

**पाँचथर, असार २१।** अज्ञात व्यक्तिहरूको कुटपिटबाट पाँचथरमा एकजनाको मृत्यु भएको छ भने तीनजना घाइते भएका छन् ।

फिदिम-१४ आहालका ३७ वर्षीय दिनेशकुमार राईको कुटपिटबाट मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

गए राति गाउँकै धनकुमार राईको घरमा राखिएको चिन्ता (धामी/झाँक्री) हेर्न गएका दिनेशसहित पर्शु राई, ध्रुव राई र पुष्कर विकमाथि १५-२० जनाको समूहमा आएका व्यक्तिले कुटपिट गरेका थिए ।

घाइते भएका चारै जनालाई उपचारका लागि जिल्ला अस्पताल फिदिम ल्याइएको थियो । उपचारका क्रममा दिनेशको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी बिनालाल साह तेलीले जानकारी दिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## सुनको अवैध कारोबार गर्नेहरू पक्राउ




**झापा, असार २१।** अवैध सुन कारोबारमा संलग्न रहेको आरोपमा जिल्ला प्रहरी परिसर ललितपुरले पाँच जनालाई पक्राउ गरेको छ ।

ललितपुर उपमहानगरपालिका-१४ ताल्छिखेलमा निर्माणाधीन घरमा छापा मार्दा शङ्कास्पद कारोबार गरेको देखिएकाले उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर ललितपुरका प्रहरी उपरीक्षक (एसपी) एवम् प्रवक्ता नरेशराज सुवेदीले जानकारी दिए । प्रहरीले उनीहरूको साथबाट झण्डै १ सय ७० ग्राम सुन, २ सय ४६ ग्राम चाँदी, सुन गाल्ने मेशिन, डिजिटल तराजु र ५० लाख चार हजार रुपैयाँ नगद समेत बरामद गरेको छ । पक्राउ पर्नेहरूमा तीन जना भारतीय नागरिक र दुई जना नेपाली छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## लघुवित्तका कर्मचारीलाई चक्कु देखाएर लुटपाट

**काठमाडौं, असार २१।** चक्कु देखाएर रकम लुटपाट गर्ने दुई व्यक्तिलाई प्रहरीले लुटेको रकमसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा तारकेश्वर नगरपालिका-५ मुड्खू घर भएका वर्ष ३३को सरोज परियार र रसुवा घर भई काठमाडौंको डल्लू बस्ने वर्ष २३ को संगम तामाङ रहेका छन् ।

उनीहरूले यही असार २० गते मुड्खू भञ्ज्याङस्थित मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडका कर्मचारी संगीता रोक्कालाई चक्कु देखाएर रकम लुटेका थिए । रोक्काले समूहको बचत र कर्जा बापत संकलन गरेको नगद २ लाख ८ हजार ६ सय लिई कार्यालय फर्कने क्रममा मुड्खू बतासेडाँडा नजिक मोटरसाइकलमा सवार दुईजना अपरिचित व्यक्तिहरूले चक्कु देखाई लुटपाट गरी फरार भएका थिए ।

सूचना प्राप्त हुनासाथ तत्काल प्रहरी वृत्त बालाजुबाट खटिगएको प्रहरी टोली उक्त स्थानमा पुगी खोजतलास तथा अनुसन्धान गर्ने क्रममा घटनामा संलग्न दुवै जनालाई नगद र मोटरसाइकलसहित नियन्त्रणमा लिएको हो । उनीहरूको साथबाट नगद १ लाख ३९ हजार ५ सय रुपैयाँ र घटनामा प्रयोग भएको बा.८३ प ५४२४ नं. को मोटरसाइकल तथा एउटा मोबाइलसमेत बरामद गरेको छ ।

## महिलालाई जवरजस्ती

**धनकुटा, असार २१।** ३१ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा महालक्ष्मी नगरपालिका-३ डाँडागाउँ बस्ने ३० वर्षीय पुन्टे भन्ने प्रताप तामाङलाई प्रहरीले पक्राउ गरेको छ ।

तामाङले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

## हात्तीद्वारा क्षति, ११ लाख राहत

**शनिश्चरे, असार २१।** झापाको बिर्तामोड नगरपालिका-७ खालबाडीमा दुई वटा जंगली हात्तीले भान्सा घरमा क्षति पुऱ्याएको छ । दुई वटा जंगली हात्तीले शुक्रवार राति बिहानको अन्दाजी २ बजेको समयमा घरमा क्षतिसँगै त्यहाँ भएको अन्नपात खाएको प्रहरीले जनाएको हो ।

दुई वटा जंगली हात्तीले बिर्तामोड-७ खालबाडीका टंकबहादुर जोगीको बाँसको टाटी बेरा टिनको छानो भएको एक तल्ले कच्ची भान्सा घर भत्काएको हो । जंगली हात्तीले भान्सा घर भत्काउनुका साथै जोगीको भान्छाभित्र रहेको अन्नपात धान, चामल, गहुँ, पिठो खाएर एक लाख रुपैयाँ बराबरको क्षति गरेका प्रहरीले जनाएको छ। घरमा क्षति गरेर हात्ती जंगलतर्फ गएको र अन्य मानवीय तथा चौपायाको क्षति नभएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

यसैबीच जंगली हात्तीको उपद्रोबाट आर्थिक तथा भौतिक रूपमा क्षति पुगेका हात्तीपीडित नगरबासीलाई झापाको अर्जुनधारा नगरपालिकाले करिब ११ लाख रुपैयाँ राहत प्रदान गरेको छ ।

नगरपालिकाका अनुसार यस आर्थिक वर्षमा ११ वटा वडामध्ये १० वटा वडामा जंगली हात्तीले क्षति पुऱ्याएको छ । नगरका १३४ घरपरिवार जंगली हात्तीबाट पीडित भएका छन् । पीडितलाई १० लाख ८९ हजार ५ सय रुपैयाँ राहत रकम उपलब्ध गराइएको छ । यस अवधिमा ५८ लाख ६४ हजार रुपैयाँ बराबरको जंगली हात्तीबाट क्षति पुगेको अनुमान गरिएको छ । सबैभन्दा बढी ४ नम्बर वडामा ५४ जना हात्तीबाट पीडित भएका छन् । नगरपालिकाले चार लाख ३८ हजार रुपैयाँ हात्तीपीडितलाई राहत प्रदान गरेको प्रशासनका नासु सौजन कटुवालले जानकारी दिए । उनका अनुसार १ नम्बर वडामा २२ जना, २ नम्बरमा ३ जना, ३ नम्बर वडामा १८ जना, ५ नम्बरमा ७ जना, ६ नम्बरमा १ जना, ८ नम्बरमा १ जना, ९ नम्बरमा ७ जना, १० नम्बरमा १० जना र ११ नम्बर वडामा ११ जना हात्तीबाट पीडित भएका थिए । जंगली हात्तीले खाद्यान्न खाएर नष्ट गर्ने, बालीनाली नष्ट गर्ने, घरटहरा भत्काएर क्षति पुऱ्याउने गरेको छ । तर, मानवीय क्षति चाहिँ भएको छैन ।

नगरपालिकाले विपद् व्यवस्थापन सहायता शीर्षकमा पीडितहरुलाई राहत उपलब्ध गराउँदै आएको छ । क्षतिको अवस्था हेरेर न्यूनतम् १० हजारदेखि २५ हजारसम्म राहत रकम उपलब्ध गराउँदै आएको छ । नगरपालिकाले कार्यविधि नै बनाएर राहत रकम उपलब्ध गराउँदै आएको कटुवालले जानकारी दिए । उनका अनुसार जंगली जनावरको आक्रमण, आगलागी, चट्याङ, बाढीपहिरोजस्ता प्रकोपबाट ज्यान गुमेको खण्डमा नगद ४० हजार उपलब्ध गराउने व्यवस्था रहेको छ ।

## बसाइँ सरेर अर्जुनधारा आउने बढे

**झापा, असार २१।** झापाको अर्जुनधारा नगरपालिकामा विभिन्न जिल्ला र पालिकाबाट बसाइँ सरेर आउने घरपरिवारको संख्या बर्षेनि बढ्दै गएको छ । चुरेको फेदीमा रहेको यस नगरपालिका कृषिमा आधारित पालिका हो ।

धार्मिकस्थलको रुपमा समेत परिचित यस क्षेत्रको केही स्थान दुर्गम रहे पनि सुगम नगरपालिकाको रुपमा स्थापित हुने क्रममा रहेको छ। चालूआर्थिक वर्षको असार १९ गतेसम्म विभिन्न जिल्लाबाट ६०९ घरपरिवार बसाइँ सरी अर्जुनधाराका विभिन्न वडामा आएका छन् । गतआर्थिक वर्षमा ७ सय ३४ घरपरिवार बसाइँ आएको व्यक्तिगत घटना दर्ता शाखाले जनाएको छ। बसाइँ आउने घरपरिवारको तुलनामा बसाइँ जाने परिवारको संख्या आधा कम छ ।

चालूआर्थिक वर्षमा २८६ घरपरिवार बसाइँ गएको तथ्यांक छ। गतआर्थिक वर्षमा ३२९ घरपरिवार अर्जुनधाराबाट अन्यत्र बसाइँ गएको पाइन्छ । रोजगार, शिक्षालगायतका कारण बसाइँ जाने गरेका छन् । शाखाकी कर्मचारी समिता पराजुलीका अनुसार सुविधाको खोजी गर्दै विशेष गरेर इलाम, पाँचथर र ताप्लेजुङबाट बसाइँ आउनेको संख्या अधिक छ ।

यस्तै, छिमेकी पालिका बिर्तामोड, कनकाई, मेचीनगर र शिवसताक्षीबाट पनि बसाइँ आउने गरेको तथ्यांक छ। बिर्तामोडसँग जोडिएको यस पालिका आवासीय क्षेत्र मानिन्छ । राम्रो हावापानी, स्वास्थ्य, शिक्षा, बजारको सुविधा, जनघनत्व कम हुनुका साथै नजिकको पालिका व्यापारिक हिसाबले अघि बढिरहेको बेला अर्जुनधारामा बसाइँ आउनेको संख्या बढ्दै गएको बताइन्छ ।



# उत्पादनमा जोड दिंदै तीनचुले जडीबुटी

**पाँचथर, असार २१।** तीनचुले जडीबुटी कृषि सहकारी संस्थाले उत्पादनमा जोड दिने उद्देश्यले विभिन्न कार्यक्रम सञ्चालनमा ल्याएको छ। वर्षातको सिजनलाई मध्यनजर गर्दै विहीवार विभिन्न जातका एक हजार दुई सय जडीबुटीका विरुवा शेयर सदस्य र अन्य किसानलाई वितरण गरेको छ।

लोठसल्ला, तेजपत्ता, अमला, चिराइतो, टिमुर लगायतका लेक र औलमा हुने जडीबुटीका विरुवा वितरण गरेको संस्थाका सचिव याम नेम्बाङले जानकारी दिए। विरुवा वितरणको अवसर पारेर वडाको आथिक सहयोगमा जडीबुटी सम्बन्धी प्रवर्द्धन प्रशिक्षण, विरुवा वितरण तथा खेती विस्तार सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ।




कोशी प्रदेश जडीबुटी संघका अध्यक्ष शंखध्वज नेम्वाङको प्रमुख आतिथ्यमा प्रशिक्षणसहित विरुवा वितरण कार्यक्रम संस्थाका अध्यक्ष पेम्वा शेर्पाको अध्यक्षतामा सम्पन्न गरिएको हो। फाल्गुनन्द गाउँपालिका आयुर्वेद शाखा प्रमुख राजु पराजुली र डिभिजन वन कार्यालय पाँचथर शाखा राँकेका वन रक्षक मातृकाप्रसाद ओझाले सहभागीलाई विरुवा रोपण, व्यावसायिक खेती र उत्पादन साथै स्थानीय जडीबुटीको परिचय र उपयोग बारेमा जानकारी गराएका थिए।

यस संस्थाले शेयर सदस्य र स्थानीय कृषकलाई आयमूलक काममा जोड्दै स्वरोजगारको सृजना गराउने लक्ष्य राखेर कार्यक्रम सञ्चालन गरिरहेको भएता पनि किसानलाई राहत पुग्ने उपल्बधीमूलक बजेट रकम पालिकाबाट उपलब्ध नहुँदा व्यवस्थित योजना सञ्चालन गर्न नसकिएको अध्यक्ष सेर्पाले बताए। फाल्गुनन्द-४ चिलिङदिनमा २०६८ सालमा स्थापना भएको यस संस्थाले केही महिना अघि १ सय ५० रोपनी जमिनमा रोपेको बर्खे आलु हाल धमाधम खन्न शुरु भएको छ। उक्त आलु सब्जी र वीऊको लागि आवश्यक पर्ने संघ-संस्था वा व्यक्तिलाई समेत विक्री बितरण गरिने बताइएको छ।

# ओझेलमा धरानको गुराँसेडाँडा

**धरान , असार २१।** धरानको गुराँसेडाँडाका बारेमा भने अधिकांश धरानवासी नै अनभिज्ञ छन्। प्राकृतिक र पर्यटकीय गन्तव्यको रुपमा रहेको धरान उपमहानगरपालिका-२० विष्णुपादुकामा गुराँस फुल्ने जङ्गल छ भन्ने चर्चा अहिलेसम्म भएको थिएन।

पहिलोपटक नेपाली कांग्रेस सुनसरी-१ क्षेत्रीय समितिले हालै धरान उपमहानगरपालिका-२० विष्णुपादुकाको वंशिलामा लालीगुराँस वृक्षरोपण कार्यक्रम आयोजना गर्दा त्यहाँ गुराँस फुल्ने गर्छ भन्ने कुराले धेरैलाई आश्चर्य बनाएको थियो। वंशिला र महाभारत डाँडा क्षेत्रमा ६ सय २६ वटा गुराँसका बिरुवा रोपिएको थियो।

वंशिला क्षेत्र डाँडा समुद्र सतहदेखि १४ सय मिटर माथिको उचाइमा रहेकाले यस ठाउँमा लालीगुराँस फुल्ने उपयुक्त हावापानी रहेको हुँदा वृक्षरोपण गरिएको नेपाली कांग्रेस सुनसरीका क्षेत्रीय सभापति सुजेन्द्र तामाङले बताए। उनले भने- धरानलाई लालीगुराँसको शहर भनेर स्थापित गर्ने उद्देश्यले लालीगुराँसको बिरुवा रोपण गरिएको हो। गुराँस र उच्च पहाडी क्षेत्रप्रति पर्यटकीय आकर्षणलाई धरानमै केन्द्रित गराउन वंशिलामा गुराँस संरक्षण र विकासको अभियान शुरु गरिएको बताउँदै तामाङले यो क्षेत्रको पर्यटकीय महत्व प्रचारप्रसारमा आएपछि यहाँको सडक पूर्वाधार र भौतिक विकासको ढोका खुल्ने छ भने।'

गुराँसका बिरुवा रोप्ने कार्यक्रमका प्रमुख अतिथि कांग्रेसका नेता डा. शेखर कोइरालाले धरानको विकट क्षेत्रहरुमा विकासको लागि रचनात्मक कदमको जरुरी रहेको बताए। उनले लालीगुराँस लोप हुँदै गएकोमा चिन्ता व्यक्त गर्दै लालीगुराँस संरक्षण अभियानमा निरन्तर लाग्नुपर्नेमा जोड दिए।

मौसम सफा भएको समयमा यस क्षेत्रबाट मकालु र कञ्चनजंघा हिमालको दृश्य मज्जाले अवलोकन गर्न सकिने स्थानीय विक्रम तामाङ बताउँछन्। दृश्यालोकन गर्नेहरूका लागि महाभारत पर्वत शृङ्खला उत्तरका पहाडी जिल्लाहरू र दक्षिणतर्फ धरान बजारदेखि तलतिरका इटहरी, चारकोशे जङ्गल, सर्दु, खर्दु, भेडेटारलगायतका रमणीय ठाउँहरुको अवलोकन गर्न सकिन्छ। पहाडी क्षेत्रको चिसो वातावरणका साथै गुराँस फुलेको हेर्न पर्यटकहरू तेह्रथुमदेखि ताप्लेजुङसम्म ठूलै खर्च गरेर पुग्ने गरेका छन्।

यस क्षेत्रमा रैथाने लालीगुराँसको जङ्गल रहेको धरान उपमहानगरपालिका-२० वडा सदस्य देवेन्द्र राईले बताए। विष्णुपाउ सामुदायिक वनको वंशिलादेखि महाभारत डाँडा क्षेत्रको जङ्गलमा फागुन, चैत महिनामा गुराँस ढकमक्क फुल्ने गर्दछ। यहाँ पाइने लालीगुराँस तेह्रथुमको तिनजुरे मिल्केतिरको भन्दा फरक प्रजातिको रैथाने गुराँस भएको अनुमान गरिए पनि कुन प्रजातिको भन्ने विज्ञहरूबाट यकिन नभएको उनको भनाइ छ। गुराँसको जङ्गलसँगै अन्य प्रजातिका रुखहरू पनि भएकाले गुराँसको वन विस्तारै नासिँदै गएको स्थानीयवासी बताउँछन्। वडासदस्य राईले भने- वर्षौंपच्छे लाग्ने डढेलोका कारण नयाँ गुराँस हुर्कन नपाउने पुराना रुख डढ्ने गरेकाले अरू बोट बिरुवा बढेको छ।

वंशिला, महाभारत डाँडा धरान उपमहानगरपालिका- १७ मङ्गलबारे बजार क्षेत्रबाट करिब १४ किलोमिटर दूरीमा छ। मङ्गलबारेबाट धरान भञ्ज्जाङ सात किलोमिटर, भञ्जाङबाट विष्णुपादुका मन्दिर दुई किलोमिटर र मन्दिरबाट वंशिला झन्डै छ किलोमिटरको दूरीमा पर्दछ। स्थानीयवासीले गरेको श्रमदान र धरान उपमहानगरपालिकाले रु. चार लाख बजेटबाट विष्णुपादुका मन्दिरबाट माथि सवारी चल्न सक्ने पाँच किलोमिटर सडक निर्माण गरिएको छ। भिरको जोखिमपूर्ण बाटोमा कहीँ पनि टेवा पर्खाल र भित्ताबाट वर्षाको पानी बग्ने खोल्सा र नाला पनि छैन भने वर्षायाममा ठाउँ-ठाउँमा जाने ससाना पहिरोले अवरुद्ध हुने गरेको छ।

वंशिला नजिकै महाभारत डाँडा रहेको छ भने १५ सय मिटरको उचाइमा हिमालय ध्यान केन्द्र स्थापना गरिएको छ। यो डाँडा महाभारत पर्वत शृङ्खलाको सुनसरी-धनकुटा सीमानामा पर्दछ।

## भरुवा बन्दुकसहित पक्राउ

**संखुवासभा, असार २१।** चैनपुर नगरपालिका-११ किङ्रिङ बस्ने ३७ वर्षीय लंक तामाङ र २६ वर्षीय तुलसी जिमीलाई १ थान भरूवा बन्दुकसहित शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको छ।

इलाका प्रहरी कार्यालय चैनपुर र प्रहरी चौकी खराङबाट खटिएको प्रहरीले सोही ठाउँस्थित सुन्तला बारी छेउको जंगलभित्र घारीमा लुकाई छिपाई राखेको उक्त बन्दुक फेला पारी दुवै जनालाई पक्राउ गरेको हो।

## आमाको हत्या आरोपमा छोरा पक्राउ

**तेह्रथुम, असार २१।** आफ्नी आमा ४६ वर्षीया तिलमाया नेपालीको धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा लालिगुराँस नगरपालिका-८ सोल्मा तेजेन्द्र चोक बस्ने २३ वर्षीय दीपक नेपालीलाई प्रहरीले पक्राउ गरेको छ।

दीपकले खुकुरी प्रहार गर्दा तिलमायाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय तेह्रथुम, इलाका प्रहरी कार्यालय बसन्तपुर र प्रहरी चौकी लसुनेबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो।

## सुनसरीमा आँप उत्पादन घट्यो

धरान, असार २१। जिल्लामा यस वर्ष आँपको उत्पादनमा कमी आउँदा मूल्य बढेको छ।

हुरीबतास र कीराले क्षति पुर्याएको कारण गत वर्षका तुलनामा यस वर्ष आँपको उत्पादनमा कमी आएको जिल्ला कृषि ज्ञान केन्द्रका सूचना अधिकृत प्रविनलाल श्रेष्ठले जानकारी दिए। उनले भने- कीराको जोखिम र हुरीबतासका कारण गत वर्षभन्दा यस वर्ष उत्पादन कम भएको हो। उत्पादन कम भएसँगै मूल्यवृद्धि भएको छ। खुद्रा प्रतिकेजी रु ५५ सम्ममा बिक्री हुने आँप अहिले प्रतिकेजी रु ८० देखि १०० सम्ममा बिक्री हुने गरेको छ।" गत वर्ष प्रतिकिलो रु ५० भन्दा कममै आँप बिक्री भएको उहाँले बताउनुभयो।

केन्द्रका अनुसार जिल्लामा यस वर्ष एक हजार एक सय २४ हेक्टर क्षेत्रफलमा सात हजार एक सय ८६ मेट्रिक टन आँप उत्पादन भएको छ। गत वर्ष एक हजार एक सय २४ हेक्टरमा सात हजार पाँच सय ६५ मेट्रिक टन उत्पादन भएको थियो।

जिल्लाको इनरुवा, नसिङ, हरिनगरा, बक्लौरी, गौतमपुर, प्रकाशपुर, भोक्राहालगायत ठाउँ आँप 'पकेट' क्षेत्र हुन्। अहिले बजारमा माल्दा, आम्रपाली, कलकत्तिया, बम्बई, कृष्णभोगलगायत आँप बिक्री हुने गरेको छ। जिल्लामा व्यावसायिक रूपमा किसानले आँपखेती नगरे पनि पछिल्लो समय आँप उत्पादन घट्दै गएको सूचना अधिकृत श्रेष्ठले बताउनुभयो। आँपको एक वर्ष राम्रो फल लाग्ने र अर्को वर्ष फल कम लाग्ने भएकाले पनि उत्पादनमा कमी आएको जनाइएको छ।

# इलामका प्याज कृषक उत्साहित

**इलाम, असार २१।** एक किसानले कति प्याज उत्पादन गर्छन्? सामान्यतयाः गाउँ घरमा प्रयोग गर्नका लागि मात्र प्याज रोप्ने चलन छ। तर, प्याजलाई व्यावसायिक ढङ्गले खेती गऱ्यो भने त्यसबाट राम्रो आम्दानी लिन सकिन्छ भन्ने उदाहरण इलामका किसानले देखाएका छन्।

यो वर्ष जिल्लाका धेरै किसानले प्याजको व्यावसायिक खेती गरेका छन्। व्यावसायिक रुपमा प्याज खेती गर्नेहरुले यो वर्ष इलाममा एक मनदेखि ६५ मनसम्म प्याज फलाएका छन्। ६५ मन प्याज उत्पादन गरेर बिक्री पनि गरिसक्नुभएका सन्दकपुर गाउँपालिका - ३ सुलुबुङका किसान प्रकाश पराजुलीले यो वर्षको उत्पादन हेर्दा प्याजमा आत्मनिर्भर बनाउन सकिने रहेछ भन्ने लागेको बताए।

'यो वर्ष ६० मन प्याज प्रतिमन दुई हजार दुई सय रुपियाँ दरले बिक्री गरें। घरमा राखेको र गाउँ-घर, छरछिमेक, आफन्तका तिर कोसेली पठाउन पाँच मन जति राखें'- पराजुलीले भने- 'नयाँ हाइब्रिड जातको प्याज लगाउँदा त्यसको उत्पादन यो क्षेत्रमा राम्रो हुन्छ भन्ने देखियो।'



२०६६ सालदेखि तरकारी खेती गर्दै आएका पराजुलीले यो वर्ष सन्दकपुर गाउँपालिकाको सहयोगमा आफ्नो ५० प्रतिशत लागतमा पीआइ १७२ जातको दुई सय ग्राम प्याजको बीऊ लगाएको बताए। दुई सय ग्राम प्याजलाई साढे सात हजार रुपैयाँ खर्च भएको पराजुलीको भनाइ छ। प्याजको बीऊ रोप्नदेखि उत्पादन अर्थात् टिप्ने र भण्डारण गर्ने समयसम्म ३२ हजार रुपैयाँ खर्च भएको उनको भनाइ छ। लागत खर्च कटाउँदा पनि पराजुलीले यो वर्ष प्याजबाट ९३ हजार रुपैयाँ चोखो आम्दानी भएको पराजुली बताउँछन्।

'तीन वर्ष अघि मैले नै लोकल जातको प्याज एक सय मन फलाएको थिएँ। तर, भण्डारणको उचित व्यवस्थापन हुन नसक्दा त्यसबेलाको धेरै प्याज कुहिएर नोक्सान भयो। समयमा बजार पठाउन सकिएन। पराजुलीले भने- हाइब्रिड जातको प्याजलाई पनि डाँठ नभाँची बढ्न दिंदा ठिकैको दाना उत्पादन हुने रहेछ। बजारको समस्या भएन।

त्यसोत यसवर्ष छरछिमेकमा पनि राम्रैसँग प्याज उत्पादन भएको उनले बताए। अन्य किसानहरु पनि पाँच सय ग्रामदेखि आठ सय ग्रामसम्मको एकै दाना प्याज फलाएको पाइएको पराजुलीले बताए। पराजुलीका छिमेकी विष्णु खनालले पनि यो वर्ष १९ मन प्याज फलाए। तातो क्षेत्रमा राम्रो उत्पादन लिन सकिने प्याज धान काटिसकेपछिको बाँझो जमिनमा लगाउँदा उपयुक्त हुने किसानको अनुभव छ।

उता माईजोगमाईका किसान मोहन सुवेदीले पनि यो वर्ष चार मन प्याज फलाए। ७० रुपैयाँ प्रतिकिलोका दरले प्याज बिक्री गरेको सुवेदीले बताए। 'बाँदरले अन्य खेती र तरकारीहरु समेत नष्ट गरेकाले यो वर्ष प्याज अलि बढी रोपियो, उत्पादन पनि राम्रो भयो। सुवेदीले भने- प्याजमा मेहनत गर्ने हो भने यसको बजार र आम्दानी राम्रै हुने रहेछ भन्ने ठाउँमा हामी पुगेका छौं।'

जिल्लामा ११५ हेक्टर जमिन क्षेत्रफलमा प्याज खेती हुने गरेको जिल्ला स्थित कृषि ज्ञान केन्द्रको तथ्याङ्कमा उल्लेख छ। कार्यालयका अनुसार गएको वर्ष जिल्लामा एक हजार ८७४ मेट्रिकटन प्याज उत्पादन भएको छ। गत वर्षभन्दा यो वर्ष एक सय मेट्रिकटन बढी प्याज उत्पादन भएको कार्यालयका कृषि प्रसार अधिकृत जीवन ठाडामगरले बताए।

## डबल त्रिशुल तोरीको तेलमा लेदो

**झापा, असार २१।** हनुमान आधुनिक खानेतेल उद्योग छत्तरपिपरा बारामा उत्पादित डबल त्रिशूल नामक तोरीको तेलमा अखाद्य पदार्थ 'लेदो' भेटिएको छ। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दित्तेल बजारस्थित एक होलसेल पसलबाट खरिद गरिएको डबल त्रिशूल नामक तोरीको तेलमा लेदो भेटिएको हो।

तरकारी पकाउन प्रयोग गर्ने क्रममा कराई (तरकारी पकाउन प्रयोग गरिने भाँडो)मा हालिएको तेल तातिँदै गएपछि बिस्तारै लेदो बनेको दित्तेल रूपाकोट मझुवागढी नगरपालिका- १ दित्तेलका स्थानीय बासिन्दा एवम् नेपाल कम्युनिस्ट पार्टी (एमाले) नगर कमिटी अध्यक्ष गोपाल आचार्यले बताए।

'स्वास्थ्य शक्ति स्वादिष्ट भोजन र अचारका लागि' भनेर लेखिएको तेलको प्याकेट नौ महिनासम्म प्रयोग गर्न सकिने उल्लेख छ। तर, गत वैशाखमा उत्पादन गरिएको भनिएको तोरीको तेलमा फोहोरको लेदो भेटिनुमा उत्पादक कम्पनीको ठूलो लापरबाही देखियो'- उनले भने- 'एउटा प्याकेटमा मात्र त्यस्तो होला भनेर अर्को खोलेर हेर्दासमेत त्यस्तै भेटियो। यस विषयमा कम्पनीका मालिकसँग फोन सम्पर्क गऱ्यौं। उनले चासो दिएनन्। यसप्रति सम्बन्धित निकायको ध्यान जान जरुरी छ। उपभोक्ताको स्वास्थ्यप्रति कसैले पनि खेलबाड गर्न मिल्दैन।'

छिमेकी जिल्ला उदयपुरको गाईघाट तथा कटारी हुँदै ट्रकमार्फत खोटाङको दित्तेल बजार ल्याएर बिक्री गरिएको उक्त कम्पनीको तोरीको तेलमा लेदो भेटिएको गुनासो आएपछि पत्रकारहरूको उपस्थितिमा परीक्षण गर्दासमेत त्यस्तै भेटिएको छ। दित्तेलस्थित अस्पताल चोकमा सञ्चालित प्रज्ज्वल स्टोरबाट एक सय पाँच रुपैयाँमा खरिद गरेर पुनः परीक्षण गर्दासमेत उक्त तेल तातिँदै गएपछि बिस्तारै लेदो बनेको पाइएको हो।

# महोत्सवको समीक्षा, ३०० विद्यार्थीलाई कविता लेखन प्रशिक्षण

**सुरुङ्गा, असार २१।** रोटरी तथा रोटऱ्याक्ट क्लब अफ सुरूङ्गाले कनकाई कला, संस्कृति तथा साहित्य महोत्सव २०८० को समीक्षात्मक कार्यक्रम सम्पन्न गरेका छन्।

२०८० साल फागुन १४, १५ र १६ गते कनकाई नगरपालिका-३ सुरूङ्गामा रोटरी क्लव अफ सुरूङ्गाले रोटऱ्याक्ट क्लब अफ सुरूङ्गासहितको सहकर्ममा कनकाई कला, संस्कृति तथा साहित्य महोत्सव सम्पन्न गरेको थियो। ६ वर्ष पहिले स्थापना भएको रोटरी क्लब अफ सुरूङ्गाले निर्देशित विविध कार्ययोजनाहरू सफलतापूर्वक सम्पन्न गरेर रोटरी अभियानलाई आफ्नो कर्मक्षेत्र सुरूङ्गामा स्थापित गरिरहेको छ। आफ्नो क्षेत्रमा रचनात्मक र मौलिक ढङ्गले सम्पादन गर्दै आफ्नो क्लबको सार्वजनिक प्रतिष्ठालाई कला, संस्कृति र साहित्यको क्षेत्रमा समेत विस्तार गर्न उक्त महोत्सव आयोजना गरिएको थियो।

उक्त महोत्सवमा तालिम, प्रशिक्षण तथा कार्यशाला, शान्ति तथा सामाजिक सद्भाव सम्बन्धी कार्यक्रम, मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रम, नाटक मञ्चन र कला प्रदर्शनी, साहित्य गोष्ठी, नयाँ साहित्य सर्जकलाई प्रोत्साहन लगायतका उपलब्धिमूलक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको समीक्षात्मक कार्यक्रममा रोटरी क्लब अफ सुरुङ्गा (२०२३/२०२४) का अध्यक्ष शिवकुमार कडेँलले जानकारी दिए। सो महोत्सवमा कनकाई नगरमा रहेका ३० भन्दा बढी शैक्षिक संस्थाका ३०० भन्दा बढी विद्यार्थीहरूलाई कविता लेखन प्रशिक्षण र कार्यशाला सम्पन्न गरियो। कार्यशाला अवधिमै विद्यार्थीहरूले आफ्ना मौलिक रचनाहरू निर्माण गरेर प्रस्तुत गरेका थिए। त्यसै गरी भाषा शिक्षक तथा स्नातक वा स्नातकोत्तर तहमा भाषा अध्ययन गरिरहेका विद्यार्थीहरूलाई कविता लेखन प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको थियो, जसमा ४० भन्दा बढी शिक्षक विद्यार्थीको सहभागिता थियो। छन्द कविता सस्वर वाचन प्रशिक्षण र प्रयोगात्मक अभ्यासमा ९० भन्दा बढी बालबालिका लाभान्वित भ एका थिए।

उक्त महोत्सवमा कलाकार मनोज गजुरेल, गायिका रचना रिमाल, गायक शिशिर योगी,स्थानीय कलाकार ओम कँडेल, कला सर्जकहरू हिम्मतबहादुर नेम्वाङ र पवन राजवंशी, कविहरू तुलसी दिवस, कुन्ता शर्मा, अर्जुन पराजुली, धीरेन्द्र प्रेमर्षी, देवी नेपाल, लक्ष्मण गाम्नागे, मनु मञ्जिल, हरिमाया भेट्वाल, सुमन स्मारिका, कोमलप्रसाद पोखरेलले प्रस्तुति राखेका थिए। सो अवसरमा कनकाई नगरका नवयुवा साहित्यकार वासु मण्डलद्वारा लिखित ध्रुवसत्य उपन्यासको विमोचन गरिएको थियो।

समीक्षात्मक कार्यक्रममा सो महोत्सवको आम्दानी-खर्चको विवरण सार्वजनिक गरिएको थियो। रोटरी डिस्ट्रिक्ट ३२९२ बाट रू. २ लाख, रोटरियनहरूबाट रू. १ लाख ३० हजार, स्थानीय सरकार, बैंक, वित्तीय संस्था, संघ-संस्थाबाट रू. ६ लाख १७ हजार, व्यापारी व्यवसायीबाट सहयोग रू. १ लाख, व्यावसायिक स्टलहरूबाट रु. ६० हजार र व्यक्तिगत सहयोगबाट रू. १ लाख ५० हजार २ सय गरी जम्मा आम्दानी १२ लाख ५७ हजार २ सय रुपैयाँ भएको थियो। खर्चतर्फ प्रचारप्रसार तथा प्रकाशनमा रू. १ लाख ३८ हजार ६ सय, तलब भत्तामा रू. ३६ हजार, कार्यक्रमस्थल व्यवस्थापन रू. ४ लाख ९४ हजार १ सय ६२, अतिथि कलाकार, साहित्यकार स्वागत सत्कार रू. ४ लाख ७८ हजार ७ सय ३०, टिडिएस्वापत रू. १३ हजार ४ सय ६६ र विविधमा रू. १९ हजार ४ सय ५० खर्च भएको थियो भने बचत रकम रू. ७६ हजार ७ सय ९२ रोटरी क्लब अफ सुरूङ्गालाई हस्तान्तरण गरिएको महोत्सवका संयोजक एवम् समीक्षा कार्यक्रमका अध्यक्ष अखिलकुमार कोइरालाले जानकारी दिए।

कार्यक्रममा रोटरी क्लब अफ सुरुङ्गा २०२४/०२५का अध्यक्ष लुबराज उप्रेती, प्रेसिडेन्ट इलेक्ट डिल्लीराम मैनाली, पूर्व अध्यक्षहरु टीकाप्रसाद जमरकट्टेल, कुमारमणि पोखरेल लगायतको उपस्थिति रहेको थियो। कार्यक्रमको सञ्चालन रोटरिएन सोमनाथ उप्रेतीले गरेका थिए।

### सुनको ...

छापा मारेको घरको तेस्रो तल्ला भारतको महाराष्ट्रका युवराज विभूतेले भाडामा लिएको प्रहरीले जनाएको छ। पक्राउ पर्नेमा २८ वर्षीय विभूतेसहित भारतीय नागरिक २० वर्षीय बिक्रम यलवर र १८ वर्षीय अभिशेष विभूते छन्। त्यस्तै भक्तपुरको सूर्यविनायक-१ बिरुवाका २० वर्षीय सिद्धान्त चौलागाँई र ललितपुर महालक्ष्मी नगरपालिका-८ का २० वर्षीय यसवन्त सुनार पनि पक्राउ परेका छन्।

प्रहरीले उनीहरुका साथबाट चेक बुक, बैंकमा नगद जम्मा गरेको भौचर समेत बरामद गरेको छ। सुन गाल्ने मेसिन नै भेटिएकाले यस समूहले सङ्गठित रूपमा अवैध सुनको कारोबार गरेको प्रहरीको आशङ्का छ। पक्राउ परेकाहरूलाई राजश्व अनुसन्धान विभाग हरिहर भवन पठाइएको एसपी सुवेदीले बताए।

### असार २८मा ...

महिनादेखि सत्तामा रहेका प्रचण्डले चौथो पटक विश्वासको मत लिन लागेका हुन्। सरकारको नेतृत्व गरेपछि पहिलो पटक २०७९ सालको पुस २६मा प्रचण्डले प्रतिनिधिसभा बैठकमा उपस्थित २७० सांसदमध्ये २६८ जनाबाट विश्वासको मत प्राप्त गरेका थिए।

दोस्रोपटक गत वर्षको चैत ६ मा संसद्मा २६२ सांसद सहभागी मतदानमा १७२ जनाले उनलाई विश्वासको मत दिएका थिए। तेस्रोपटक फागुन ३० मा विश्वासको मतका जाँच्दा २६८ सांसद सहभागी मतदानमा उनको पक्षमा १५७ र विपक्षमा ११० मत खसेको थियो।

**कोसँग कति सीट छ ?**

तल्लो सदन प्रतिनिधिसभामा २७५ सदस्य हुन्छन्। बहुमतका लागि १३८ सीट आवश्यक पर्छ। अहिले सबैभन्दा ठूलो दल नेपाली कांग्रेस (८८) र दोस्रो ठूलो दल नेकपा एमाले (७९) मिल्दा नै सामान्य बहुमत काट्ने अर्थात् १६७ सीट पुग्ने अवस्था छ।

प्रचण्डको दल माओवादी केन्द्रसँग ३२ सीट छ। हाल सरकारमा रहेकामध्येको मुख्य दल राष्ट्रिय स्वतन्त्र पार्टीसँग २१ सीट छ भने नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी) सँग १० सीट छ। तल्लो सदनमा राष्ट्रिय प्रजातन्त्र पार्टीसँग १४, जनता समाजवादी पार्टीसँग ७, जनमत पार्टीसँग ६, जनता समाजवादी पार्टी, नेपालसँग ५, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल र नागरिक उन्मुक्ति पार्टीसँग ४-४ सीट छ। त्यसबाहेक नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, आम जनता पार्टीसँग एक-एक र दुई स्वतन्त्र सांसद पनि छन्।

### चिन्ता ...

घाइतेमध्ये धुव्र र पुष्कर विक सामान्य उपचारपछि अस्पतालबाट 'डिस्चार्ज' भएका छन्। कुटपिटमा संलग्न व्यक्तिको पहिचान हुन बाँकी रहेको प्रहरीले जनाएको छ। घटनामा संलग्नको खोजीका लागि प्रहरी निरीक्षकको नेतृत्वमा प्रहरी चौकी रानीटार र पौवासारतापबाट टोली परिचालन भएको जनाइएको छ।


**बिमालेख हरायो**

झापाको बुधबारेबाट बिर्तामोड जाने क्रममा यही मिति २०८१ जेठ २५ गते मेरो निम्न व्यहोराको बिमाको सक्कल बीमालेख हराएको हुँदा भेट्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु।

नाम : दिक्षा श्रेष्ठ
ठेगाना : बुद्धशान्ति गाउँपालिका-०४ झापा
बिमालेख नं : २०००१५१२२
कम्पनी : एल आईसी इन्स्योरेन्स कम्पनी लि.
सम्पर्क : ९८०१४२५७२२



**जनशक्ति बचत तथा ऋण सहकारी संस्था लि.**
**JANASHAKTI SAVING & CREDIT CO-OPERATIVE LTD.**
बिर्तामोड-४, झापा

**निष्कृय रहेका शेयर सदस्यहरुका लागि जारी गरिएको सूचना।**


प्रस्तुत विषयमा यस जनशक्ति बचत तथा ऋण सहकारी संस्थाका लि. बिर्तामोड-४, झापाको शेयर सदस्य ज्यूहरुमा यो सूचना प्रकाशित गरिन्छ कि यस संस्थाको शेयर सदस्यता प्राप्त गरी न्यूतम शेयर र बचत गरी जम्मा रु. ५००/- वा सो भन्दा कम भई ३ वर्षदेखि खाता निष्कृय रहेका सदस्य ज्यूहरुले यहि मिति २०८१ असार मसान्त भित्र खाता नियमित गर्न वा आफ्नो शेयर बचत रकम भुक्तान लिन आउन हुन अनुरोध गरिन्छ। यदि, उक्त मितिभित्र खाता सकृय नगराएमा वा भुक्तान लिन नआएमा नियमानुसार स्वतः सदस्यता खारेज गरिने व्यहोरासमेत अनुरोध गरिन्छ। निष्कृय सदस्यहरुको विवरण संस्थाको आधिकारिक फेस्बुक पेज www.facebook.com/jsaccosbirtamod मार्फत हेर्न सकिन्छ।

**थप जानकारिका लागि :** सम्पर्क : ०२३-५३३३४४ / ९८१६९२७२३०
ई-मेल : janashakticoop2014@gmail.com


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

कविता

## कविता खोज्दै



देसु वानेम

मन पोखिएर
जब मनमै सुक्न खोज्छ
मनका मनहरू पानी भएर
जरूवा जस्तै रसाउँछन्
अनि म कविता खोज्दै
तिमीनेर आउँछु ।

मस्तिष्कको मरूभूमि छिचोल्दै
जब मबाट गणित हराउँछ
साङ्लो बिनाको कैदी जस्तै
आकाश अँगालेर लुक्छु
चिसो बादलभित्रको पहाड जस्तै भएर
अनि म कविता खोज्दै
तिमीनेर आउँछु ।

गोरेटाको ढुङ्गा टेक्दै
चेतना ओरालो झरिरहन्छ
कल्पना उकालो चढिरहन्छ
म त ढुङ्गा भएर
आनन्दपान गरिरहेको हुन्छु
मद्होस हुन्छु
अनि म कविता खोज्दै
तिमीनेर आउँछु ।

मलाई दुख्दैन
शून्यभित्रका शून्यहरू पिएर
जब म मातिन्छु
मनहरू मनभित्रै पोखिन्छन्
शून्यले हावालाई अँगालोमा बाँधे जस्तै
अनि म कविता खोज्दै
तिमीनेर आउँछु ।

**बिर्तामोड, झापा**

## जान्दिनँ म



विकास भट्टराई

खुशीको संसार छ मेरो
हाँसो, खुशी समेटेर हिँड्ने
विन्दास जिन्दगी छ मेरो

जति दुःख भए पनि
दुःखमा आत्तिन जान्दिनँ म
जति सुःख भए पनि
सुःखमा मात्तिन जान्दिनँ म

जति वेदना भए पनि
वेदना पोख्न जान्दिन म
जति खुशी भए पनि
खुशीमा रमाउन जान्दिनँ म

स्वार्थी दुनियाँमा
हारेर भाग्दिनँ म
जोसुकैले जेसुकै गरून्
डराउन जान्दिनँ म

यो समाजले जेसुकै भनुन्
समाजको कुरा सुन्दिनँ म
जस्तै दुःख आए पनि
हारेर भाग्न जान्दिनँ म ।

***मेचीनगर– १२, झापा***

कथा

# दन्त्य कथा जस्तै उसको विगत



मोहनप्रसाद ओली

‘समाज परिवर्तनका लागि अभियान’ एउटा साझेदारी संस्था थियो । उक्त संस्थाको बैठक आज बस्दैछ । समीरको काठमाडौंको गमन र अलखानन्दनको कार्यक्रममा प्रवेश भएपछिको पहिलो बैठक थियो । समीर बाहेक बैठकमा सबैको उपस्थिति छ । बैठक औपचारिक एजेण्डामा प्रस्तुत गर्नु अघि समीरका विषयमा समान्य कुराकानी हुन्छ । यसैबीचमा समीरले शहर र गाउँको बीचमा भएका फरक प्रकृतिका सभ्यता र संस्कृतिका बारेमा संस्थालाई पठाएका पत्रको बारेमा सम्भावनाले संक्षेपमा उपस्थित समूहका साथीहरुका बीचमा प्रस्तुत गरिन् । यसैगरी हाल संस्थागत रुपमा भए गरेका कार्यका समीक्षाका साथै सामाजिक पक्षमा सुधार गर्न सञ्चालन गरिएका अभियान र अभियानले पारेको प्रभावका बारेमा संक्षेपमा कुराकानी हुन्छ ।

आजको पहिलो प्रस्ताव भनेको अलखेलाई अलखनन्दन पुजारीको नामबाट सक्रिय सदस्यता प्रदान गर्ने र कार्य समितिको सदस्यका रुपमा छनौट गर्ने प्रस्ताव सचिवले प्रस्तुत गर्दछन् । यस प्रस्तावमा सबैको एकमत भएकाले पारित हुन्छ । अलखनन्दनलाई कार्यसमितिको सदस्यता प्रदान गरिन्छ । बैठकमा हरिशंकरको पनि उपस्थिति थियो । दोस्रो प्रस्तावमा हरिशंकरलाई सल्लाहकारमा चयन गर्ने थियो । यो प्रस्ताव पनि सर्वसम्मत रुपमा पारित गरियो । अलखानन्दन र हरिशंकर दुबै जनालाई संस्थाको तर्फबाट स्वागत गर्ने कुरा समेत उल्लेख गरी माइन्यूटमा अभिलेखिकरण गर्ने कार्य गरियो । अलखनन्दन र हरिशंकरले पनि सदस्य र सल्लाहकारको पदमा बसी समाजको सेवा गर्ने अवसर प्रदान गरिएकोमा सिंगो संस्था र संस्थामा कार्यरत सबैलाई धन्यवाद दिए । साथै संस्थामा रहेर रचनात्मक सहयोग गर्ने प्रतिबद्धता समेत जाहेर गरे । सम्भावनाले यिनै दुईवटा प्रस्तावमा आजको बैठक टुंगिएको घोषणा गरिन् । फेरि भोलि बसौं भनेर । सबै उठे । आ-आफ्नो गन्तव्यतर्फ लागे ।

भोलिपल्ट तोकिएकै समयमा बैठक बस्यो । हिजो छलफलका गर्न बाँकी रहेका एजेण्डा क्रमशः प्रस्तुत भए । यसपछि तेस्रो प्रस्तावका रुपमा संस्थागत रुपमा भए/गरेका कार्यको समीक्षा गर्नका लागि छलफल अगाडि बढाइयो । यसका लागि सचिवले संस्थाको कार्य प्रगति र कार्यक्रम सञ्चालनको क्रममा देखा परेका समस्या र चुनौतिका विषयमा आ-आफ्ना कुरा राख्ने अवसर दिए । सबैले आ-आफ्नो धाराणा राखे । यसपछि कोषाध्यक्षलाई आयआर्जन र खर्चका बारेमा प्रतिवेदन पेश गर्न लगाइयो । विशेषगरी यी एजेण्डाहरु एक महिनापछि हुन गइरहेको संस्थाको वार्षिक साधारण सभामा प्रस्तुत गर्नका लागि तयार गरिएका थिए । सचिवबाट प्रस्तुत भएको संस्थाको प्रतिवेदन माथिको छलफलका क्रममा आएका कुराहरुलाई अलखानन्दनको तर्फबाट सारगर्भित सुझाव प्रस्तुत भए । संस्थाको वार्षिक साधारणसभामा प्रस्तुत हुने प्रतिवेदनलाई केन्द्रविन्दुमा राख्दै मुख्य गरेर उनले विकास र सुधारका बीचमा भएको फरकलाई स्पष्ट पार्ने कार्य गरे ।

अलखनन्दनले विकास र सुधारका बीचमा भएको फरकलाई यस प्रकार त्तयाख्या गरेका थिए । विकास भनेको परिवर्तन हो । विकास क्रमिक रुपमा वा चरणबद्धरुपमा हुन्छन् । एकपछि अर्को चरणका साथमा विकास हुँदै जान्छ । विकासका निश्चित नियम हुन्छन्, सिद्धान्त हुन्छन् । जसले आफ्नो गतिमा, जहिले पनि नयाँ-नयाँ कुराको सिर्जना गर्दै जान्छ । विकासको मुख्य लक्ष्य भनेको परिवर्तन गर्नु हो । परिवर्तन विशेषगरी भौतिक पक्षसँग सम्बन्धित हुन्छ । त्यही परिवर्तनलाई ब्याख्या, विश्लेषण वा आँकलन गरेर गाउँ, समाज र राष्ट्र समक्ष प्रस्तुत गरिन्छ । जसले गाउँ, समाज र राष्ट्रका पूर्वाधार समेत खडा गर्दै जान्छ । अन्ततगत्वा परिवर्तनका नयाँ-नयाँ स्वरुपलाई विकासको मुख्य आधार मान्दै लक्ष्यमा पुग्ने मार्गका रुपमा विकासलाई मानिन्छ ।

सुधार भनेको भइरहेका कार्यको अवस्थालाई अझ परिस्कृत र राम्रो बनाउने हो । सुधारमा विशेषगरी सम्पन्न हुँदै गरेका कार्यक्रमका सबल र दुर्बल पक्षहरुलाई केलाउने गरिन्छ । सुधारका लागि सुझावहरु प्रस्तुत गरिन्छ । सुझावका रुपमा सूचीहरु निर्माण गरिन्छ । ती सूचीहरुले विगतका भए/गरेका कमि कमजोरीलाई पहिचान गर्दछ । कमजोर देखिएका पक्षलाई आगामी दिनमा सुधार गर्ने प्रयास गरिन्छ । सुधार भएका कार्यलाई निरन्तरता दिइन्छ । सुधारले भइरहेका कार्यको सवल र दुर्बल पक्षको पहिचान गर्दै सुझाव दिने हो । यसबाट राम्रा वा सबल पक्षका कार्यलाई निरन्तरता दिँदै कमी-कमजोरी भएमा सुधार गर्न सकिन्छ । यदि सुधार गर्न सकिँदैन भने त्यसलाई कार्य सूचीबाट हटाइन्छ । पृष्ठपोषण लिनु-दिनु सुधारको मुख्य लक्ष्य हो । सुधारका कार्यले संस्थालाई बलियो बनाउने कार्य गर्दछ । यसर्थ विकास र सुधार दुवै समाज सुधारको निरन्तरताका लागि एकअर्काका परिपुरक र अपरिहार्य हुन् ।

अतः विकास र सुधार नै समाज परिवर्तनका महत्त्वपूर्ण अङ्ग भएकाले परम्परागत रुपका समाजका संस्कार परिवर्तनका लागि कुनै सिद्धान्तको आवश्यकता पर्दैन । सिद्धान्तलाई प्राथमिकता दिने नाममा जर्बरजस्ती गरेर समाजमा भएका संस्कारमा परिवर्तन हुँदैन । सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको विकास हो । यदि विकास गर्न सकियो भने समाजका परम्परा र मान्यताहरु स्वतः नै सुधार हुँदै जान्छन् । जसलाई हामी सामाजिक सुधारका रुपमा लिन सक्छौं । समाज सुधार्न वा समाजमा भएका मानिसहरुको जीवनस्तरमा सुधार ल्याउन हामीले विकासका कार्य गर्न र ती कार्य मार्फत समाज सुधार गर्न जोड दिनु पर्दछ । यी भनाइ अलखनन्दनबाट राखिएका थिए । अलखनन्दनका यी सारगर्वित भनाइ पछि सम्भावना जो बैठकको अध्यक्षता गरिरहेकी थिइन् । उनले बैठकलाई केही समय अनौपचारिका तर्फ धकेल्दै अलखानन्दनलाई सम्बोधन गर्दै भन्छिन्- ‘हुन त साधुसन्तहरुलाई प्रश्न गर्न मिल्दैन होला । तापनि जिज्ञाशा उठिहाल्यो । जिज्ञाशा मेटनका लागि पनि सोधु है ?’ अलखानन्दन ले पनि स्वीकारात्मक संकेत दियो । यसपछि सम्भावनाले सोधिन- ‘तपाईको विगतका बारेमा जानकारी पाउन सकिन्छ ? अनि तपाईको अनुहारको यो जुन आकृति छ, त्यो जन्मदैको अवस्था होकि पछि वा अन्य कुनै कारणले भएको ?’

सम्भावनाका यी प्रश्नले अलखानन्दन असामञ्जस्यतामा परे । दोधारमा परे । भनौ वा नभनौ उनका लागि पहिलो प्रश्न वास्तवमै जटिल बन्न पुग्यो । पछिल्लो प्रश्नमा सहजता थियो । अलखनन्दनले भन्दै गए । म मानव हुँ । मानव भएका नाताले मेरो जन्म कुनै घर परिवारमा भएको हो । कुनै अदृष्य शक्तिको बलमा जन्मिएभन्दा तपाईहरुले पत्याउने कुरा पनि भएन । यसर्थ मेरो घर थियो । बाबु-आमा थिए । दिदी-बहिनी थिए । छरछिमेकी थिए । समाज थियो तर पनि म आज एक्लो छु । फकिर भएको छु । बाबु-आमा र घरबार बिनाको देखिएको छु । यसको पृष्ठभूमि लामो छ । आज शुरु नगरौं । काम गर्दै जाउँ । विस्तारै खुल्दै जान्छ । मेरो विगत भनौं वा पारिवारिक पृष्ठभूमिका बारेमा यति मात्र बोलौं रह्यो मेरो अनुहारको कुरा ।



म मेरो परिवारभित्र रहँदै बस्दै गर्दा जब मेरो र परिवारबीच कारणबस बेमेलको अवस्था आयो । तब म भित्र विरक्तका भाव जन्मन पुगे । फलस्वरुप मैले परिवारका साथै सम्पूर्ण समाज नै त्याग्ने निर्णय लिए । जब मैले परिवारलाई छाडेर भारतको आसामस्थित कुनै एउटा अमूक ठाउँमा पुगे । जहाँ कसैले पनि पत्ता लगाउन नसकोस् भन्ने ध्येय मेरो थियो । म एक जना सज्जन उच्च घरनाका साहु जो व्यापारी पनि थिए । उनको घरमा म नोकरका रुपमा बसेको थिए । केही समयपछि साहुले मेरो कार्य क्षमता देखेर मलाई विश्वास गर्दै आफ्नो व्यवसायको रेखदेख गर्ने चौकिदारीको काम दिए ।

मलाई रात्रिकालीनको ड्यूटी दिएको थियो । पैसा पनि राम्रै थियो । वरपरका साहुले पनि थोरबहुत रकम मैनावरी रुपमा दिने गरेका थिए । करिब दुई बर्षपछि साहुको घरमा ठूलो डाका लाग्यो । मेरो इमान्दारीता र कर्तव्यले उनीहरुसँग भिड्न बाध्य गरायो । म पछि हटिन । उनीहरुको निर्देशन पनि मानिन । भाग भने, भागिन पनि । भागेको भए हुन्थ्यो होला । भाग्नु पर्छ भन्ने सोच मेरो आएन । उनीहरुले हल्ला नगर्न भनेका थिए । मैले हल्ला गर्न पनि छाडिन । सबैले नकाब लगाएका थिए । उनीहरु मध्ये एकजनाले म माथि एक्कासी तरवार प्रहार गऱ्यो । म ढले । यसपछि मलाई केही थाहा छैन । म लामो समयसम्म बेहोस अवस्थामा नै रहेछु । मैले त घटना भएको बाइस दिनपछि आफूलाई अस्पतालमा भएको पाए । मेरो शरीरभरी टाँकैटाँका लगाएको रहेछ । टाउको गहिरो चोट लागेछ । अनुहारमा त शरीरका विभिन्न अंगका मासुहहरु लगेर सर्जरी गरिएको रहेछ । मेरो चिउडो काटिएछ । निधारमा गहिरो चोट लागेको रहेछ । शरीरका विभन्न अंगमा गहिरा चोट लागेछन् । मलाइ मारेर हिँडेका रहेछन् । सम्पत्ति भने लान पाएनछन् । हो-हल्ला भयो । डाका भाग्न बाध्य भएछन् । त्यसो त मैले पनि एउटा डाकालाई भने छप्काउन भ्याए छु । ठाउँको ठाउँ नै ढलेछ । काल पुगेको रै’छ क्यारे । तर मेरो निमित्त पुगेको थिएन रहेछ । धुकधुकी मात्र रहेछ । बाच्न सफल भएछु । जे होस साहुले मलाई ठूलै खर्च गरेर बचाए छन् ।

तर, मेरो गरी खाने हुती हरायो । आफू उठेर वरपर गर्न नसकुञ्जेल भने म साहुकैमा बसे । लामो समय यही रुपमा साहुकोमा बस्न मैले उचित ठानिन । यसभन्दा अघि मेरो नजिकमा आउने बालबालिका अब मेरो छेउ पर्न छाडे । बोलाउँदा पनि डराउन थाले । साहुका परिवार लगायत त्यस समयमा कसैले पनि मेरो अनुहारमा सिँधै हेरेर कुराकानी गर्दैन थिए । त्यसले म मा हीनताको बोध पलायो । नैराश्यता आयो । चिनेजानेका मानिसका सामु आमनेसामने भएर मैले बोल्न पनि सोच्नुपर्ने भयो । साहुले भनेका थिए । तिमी मेरो छोरा समान हौ । मलाई पनि बचायौ । सम्पत्ति पनि बचायौं । तर तिमी अपाङ्ग भयौ । अनुहार कुरुप बन्यो । पहिला देख्ने मान्छेले अब तिमीलाई चिन्दैनन । तर पनि तिम्रो इमान्दारीता, म भुल्न सक्दिनँ । त्यसैले अप्ठेरो नमानी बस । म खान-लाउन दिन्छु । जब केही गर्न सक्ने हुन्छौ । सोही अनुरुप सकेको काम गर । लामो समयसम्म म ओछ्यान परे । जब म उठेर वरपर गर्न सक्ने भए । सोचे, यो साहुको दानापानी मैले कैलेसम्म खाने । यसको शेखपछि मेरो अवस्था के होला । मसँग केही रुपैयाँ पनि थियो । साहुको घरमा एउटा चिठी छाडे । मलाइ नखोज्न आग्रह गरे । कुनै दिन फर्केर आउँछु भनेर लेखे । चिठ्ठी सबैले देख्ने ठाउँमा राखे । बिहानीको रातमा आफ्ना सामान्य लुगाफाटा र ओड्ने ओछ्याउने बोकेर म साहुको घरबाट निस्के । सदाको लागि हिँडे ।

दुई घण्टाको हिडाइपछि उज्यालो भयो । नजिकैको रेल स्टेशनमा गए । टिकट लिए । एउटा सिल्भरको लोटा किने । रेल चढे । रेल मै म पहिलो चोटी मगन्ते बने । अमूक स्थान तर्फ लागे । एक-दुई दिन किनेर खाए । अनुहार देखेर छि ! छि ! दुर ! दुर ! गर्दथे । भाग भन्दथे । सकेसम्म चाडो विदा गर्न खोज्दथे । तर, पनि रित्तो हात फर्काउँदैन थे । मलाइ अब मागि खानु पर्दछ भन्ने लाग्यो । त्यहीबाट मागि खान शुरु गरे । मेरो गरी खाने दिनचर्या अब मागि खानेमा परिणत भयो । मेरो अनुहार कसैले हेर्दैन । तर, भिक्षा भने केही नभनी दिने गर्दथे । यो पेशा जस्तो बन्यो । शुरु गरेको दुई वर्षपछि म एक गाउँबाट अर्को गाउँ हुँदै यहाँ आइ पुगे । आज चार बर्ष नाघी सक्यो । मैले यो ठाउँ छाड्न सकिनँ । म यही रमाएको छु । दिन प्रतिदिन स्वस्थ पनि बन्दै गएको छु । लाग्छ अब म पनि समाजको एउटा अङ्ग बनेको छु । जसको लागि तपाईंहरुले मलाई विश्वास गर्नुभयो । अवसर दिँदै हुनुहुन्छ । त्यसका लीगि म धन्यवाद दिन्छु । मेरो बलबाहु र बुद्धिले भ्याएसम्म तपाईहरुको यो संस्थालाई म सक्दो सहयोग पनि गर्नेछु । सबै चुपचाप थिए । एकोहोरो सुनिरहेका थिए । एकादेशको दन्त्य कथा जस्तो थियो उसको विगत । सबैका आँखा रसाएका थिए । भावविह्वल भएका थिए । उनीहरुसँग शब्द पनि थिएनन् । उसका लागि शब्द खर्च पनि गर्न सकेनन् । सम्भावनाले बैठक अन्त्य भएको जानकारी गराइन् । सबै उठे । फेरि भेटौ भन्दै भारी मन लिएर विदाबारी भए ।

लघुकथा

# कार्सिनोमा



गोसा झापाली




आन्तरिक सोचाई र छटपटीले मनलाई घायल पारेपछि बिहानिपख मात्र सारिकाको शरिर निद्राले भुसुक्क भएछ । आफ्नो हसवेण्ड द वालडर्फको घरमा आउन छोडेको ठ्याक्कै वर्ष दिन भैसकेको छ । जीन्दगीभरि सँगै बाँच्ने र सँगै मर्ने भनेर खाएका वाचा र कसमहरु कता गए कता । विवाह पूर्वदेखि नै उसलाई अत्यधिक मन पराउने भाष्करले किन वाचा तोड्यो, थाहा भएन । लण्डनको सरकारी जागिर प्रमोसन भएर हाकिम भएपछि ऊ शहरमै बस्न थालेको थियो । पछि सुन्दा मन्त्री क्वाटरमा छ अरे भन्ने कुरा थाहा भयो । आफूलाई मुटुभन्दा बढी माया गर्ने भाष्करले च्वाट्टै छाडेर बिर्सिएपछि सारिकालाई पर्नुसम्मको पिर परेको हो ।

छोरी दिप्तीले ‘पापा खोइ ?’ भनेर सोध्दा मुटुमा गाँठो पारेर ‘शहर जानु भा’छ, आइहाल्नुहुन्छ, तिमी राम्ररी पढ’ भनेर छोरीलाई सम्झाएको पनि धेरै पटक भैसकेको छ । एक पटक शहर गएर भेट्ने हिम्मत नगरेको पनि होइन । तर, फेरि मनमा कुराहरु फेरिए । ठूला वडाको ठूलै चाला होला, आफू जाँदा कतै ओहदामा असर पर्ने हो कि ? भन्ने लागेर मन मारेकी हो । एक दिन त हाम्रो सम्झना आउला नि भनेर बसेको पनि वर्ष दिन बितिसक्यो । कुनै झगडा वा विवाद केही पनि त भएको थिएन । यसरी चटक्कै छोडेर हिँड्नुको के कारण हुन सक्छ ? त्यो कुरा सारिकालाई थाहा भएन ।

हिजो स्कूलबाट फर्केर आउँदा दिप्तीको हातमा एउटा लामो बील देखेकी थिई सारिकाले । यति धेरै पैसा एकै पटक कहाँबाट ल्याउने भनेर चिन्ता माथि चिन्ता थपिएको थियो । ऊ आफू हाउसवाइफ मात्र भएकी हुँदा ऊ सँग कहिल्यै सफिसिएन्ट पैसा भएन । आफ्नो हसवेण्डको यति धेरै ठूलो जायदाद हुँदाहुँदै पनि ऊ अभाव मै रहन्थि । खटाएर दिएको पैसाले इकोनोमिक पोइन्ट अफ भ्यूबाट मात्र व्यवहार चलाएकी थिई । तर, लाष्ट इयरदेखि त त्यो पनि हराएको थियो । त्यसैले आफ्ना थोरै गहनाहरुलाई एक पटक नियालेर त्यसमध्येबाट एउटा बेचेर छोरीको फिस तिर्ने निधो गरी । यसरी कहिलेसम्म धानिएला, चिन्ताको विषय भएको थियो सारिकालाई । बाकसमा विवाहका जोडी कपडा मात्र सुरक्षित थिए । नयाँ परचेज गर्ने इच्छा हुँदाहुँदै पनि आर्थिक अभावले मन मारेर बसेकि थिई ।

छोरी दिप्ती किशोरीबाट वयस्क हुँदै गर्दा सारिकालाई अरू पीर थपिएको छ । उसका दैनिक डिमाण्डहरु पनि थपिन थालेका छन् । आफ्ना साथीहरू सरह स्वच्छन्दतामा ऊ पनि रमाउन चाहन्छे । स्कूलका विभिन्न प्रोग्रामहरूमा पनि आफूलाई एक्टिभ देखाउन चाहन्छे । उसका इच्छा आकांक्षाहरु बढ्दै जानु अस्वाभाविक भने थिएन । सारिकाले आफ्नी छोरीको बढ्दो रुपलाई आफ्नो जवानीसँग दाँजेर हेरी । जवानीले पालुवा फेर्दै गर्दा भाष्करका नजर उसमा परेका थिए । भाष्कर सुगठित, जवान शरीरको एक आकर्षक युवक थियो । पढाइमा अब्बल दर्जाको भएको हुँदा उसलाई हाइयर एजुकेशन स्टडीका लागि उसका गार्जियनहरुले लण्डन पठाएका थिए । पछि उतै रमाउन थालेको थाहा पाएर उसको विवाह सारिकासँग गरिदिए ।

भाष्करसँग विवाह भएपछि सारिकाले पनि यूकेको सपना देखेकी थिई । कस्तो होला पराई घर ? कस्तो होला युके ? विवाह भएको सात दिन मै भाष्कर उसलाई एक्लै छोडेर युके उडेको थियो । उसका सबै साथीहरूले उसलाई कुइरिनी हुने भइस् भनेर इर्ष्याका साथ जिस्क्याएका थिए । नभन्दै छ महिनामा एसेन्सियल डकुमेन्टहरु उसका हातमा परे । तबसम्ममा उसले पनि जिल्ला प्रशासन कार्यालयबाट पासपोर्ट बनाइसकेकी थिई । अत्यधिक उत्साहका साथ समयमै ऊ पनि युके बतास्सिई । लण्डनको एयरपोर्टमा बाहिरपट्टि भाष्कर झलक्क देखापऱ्यो । उसलाई देखेर आफ्नो विवाहपछि बितेका ती सात दिन खुब याद आए । कसरी ऊ भाष्करको अँगालोमा बेरिएकी थिई । त्यो दिन सारिकालाई आफू संसारकै प्रथम महिला भएको अनुभव भएको थियो । भाष्करको बाहुपासमा समर्पण हुँदा आफूलाई अत्यन्त भाग्यशाली भएको अनुभव गरेकी थिई सारिकाले ।

भाष्कर सरकारी जागिर खाँदै व्यापार पनि गर्दो रहेछ । ‘तिमी पहिला अंग्रेजीको एउटा कोर्ष गर, पछि तिमीलाई एउटा राम्रो जागिरमा लगाइदिन्छु’ भन्दै थियो । उसको प्रेममा सारिका मस्त भै रही । समय बितिरह्यो र समयले नै उनीहरूलाई एउटी प्यारी छोरीको बाबु-आमा बनायो । त्यसबेलासम्ममा भाष्करले ठूलै पैमानामा धन कमाई सकेको थियो । भवन र गाडी त सामान्य कुरा भएका थिए । द वालडर्फमा उसलाई नचिन्ने कोही थिएनन् । उसको व्यापार पनि द वालडर्फदेखि कारनेरी स्ट्रीटसम्म फैलिएर गएको थियो । एक पटक घरबाट हिँडेपछि फेरि घर फर्कने मौकै परेन । सारिकाको सन्तान युकेका परमानेन्ट रेसिडेन्ट (पी आर) भैसकेका थिए ।

यो एक वर्षभित्र आएको परिवर्तनले सारिका चिन्तित भएकी हो । भाष्कर आफैले बनाएको भवन र आफ्नो प्रिय परिवार छोडेर एकाएक सरकारी डेरामा किन सर्यो ? घर व्यवहार बिजिनेस सबै लथालिङ्ग पारेर ऊ फगत एक्लै किन स्ट्रेन प्यालेस र अक्सफोर्ड स्ट्रीट गरिरहेको छ ? अब त फोनमा पनि कुराहरू पातलिएका छन् । प्रायजसो उसको फोन स्वीच अफ नै हुन्छ । कुनै दिन कन्ट्र्याक भए पनि नचिनेको मान्छे जस्तै व्यवहार गर्छ । मासिक रुपमा प्राप्त हुने क्यासहरु पनि समाप्त भएका छन् । त्यसैले घर खर्च र छोरीको स्कूलको फिस तिर्न आफ्नो गहना बेच्न सारिका तयार भएकी हो ।

‘छोरीको पढाई रोक्नु हुँदैन, गहना त पछि फेरि बनाउन सकिन्छ’ । यस्तै सोच्दै सारिकाले ओछ्यान छोडेकी थिई । बाहिर डम्म कुहिरो लागिरहेको थियो । चकमन्न सुनसान, कतैबाट कुनै आवाज आइरहेको थिएन । एकैछिनपछि छोरीको स्कूलबस आइपुग्ने वाला थियो । तर आज छोरीले जिद छोडिन आफ्नो पापासँग भेट नभएको एक वर्ष बितेपछि दिप्ती छटपटाएकी थिई । ‘आज पनि पापासँग कन्ट्र्याक भएन भने म स्कूलै जान्न’ उसले फैसला सुनाई । छोरीको जिद्दीपन सारिकालाई थाहै थियो ।

अचानक फोनको घण्टी बज्यो । फोनमा कुनै अपरिचित महिलाको आवाज सुनियो । उसले आफूलाई भाष्करको पिए भएको बताई । त्यसपछि उसले जे सुनाई, त्यो सुनेर सारिकाका खुट्टा जमिन मुनि भासिए । सारा संसार डाँवाडोल भयो । हाहाकार भयो, मन भित्रभित्रै ठूलो आँधी आएर गयो । भाष्करलाई कार्सिनोमा भएको रहेछ । ऊ लगभग एक वर्षअघिदेखि क्यान्सर अस्पताल धाइरहेको रहेछ । आफूले कमाएको सम्पत्ति सकिँदै गर्दा उसको स्वास्थ्यमा भने अझै गिरावट आएछ । आफू बाँच्ने आशा क्षिण हुँदै गर्दा पनि आफ्नो प्राणभन्दा प्यारो परिवारलाई भने गुमराह मै राखेको रहेछ । कसरी भन्न सक्थ्यो होला र ‘मलाई क्यान्सर भएको छ, म मर्दैछु’ भनेर । द वालडर्फको ठूलो गार्डेनसहितको भवन र सवारीसाधनहरु बाहेक आफूले कमाएको लगभग सबै सम्पत्ति सकेर भाष्करले वारनेरिमा यो संसारबाट विदा लिएछ । सरकारी जागिरे भएको हुँदा लण्डनमा सरकारी स्तरबाटै उसको दाह संस्कार गरिने निर्णय भएको रहेछ ।

फोनबाट भाष्करको पिएको कुरा सुनेपछि सारिका एकै छिन् पनि द वालडर्फमा टिक्न सकिन । आफ्नी छोरी दिप्तीलाई लिएर वारनेरि पुग्दा भाष्करको अन्तिम विदाइ हुँदै रहेछ । एकापट्टि मधुरो स्वरमा बेण्ड बजिरहेको थियो । अर्कापट्टि सेता लवादा लगाएका फादर र पादरीहरु हातमा बाइबल लिएर उभिएका थिए । आफ्नो आइडेन्टिटी देखाएर उनीहरु भाष्कर छेउ पुगेका थिए । श्रद्धाञ्जलीका दुई थोपा आशु सारिकाका आँखाबाट झरेर भाष्करको डेडवडीमा बिलाए । छोरी दिप्ती डाको छोडेर रोई । कार्सिनोमाले एक हराभरा परिवारलाई छिन्नभिन्न पारिदियो । उनीहरुको भविष्य अनिश्चित र अन्धकारमय बन्न गयो । सारिकालाई यो सपना हो कि विपना, थाहा हुन सकेन । ऊ त्यहीँ मुर्छित भएर ढली । भेला भएका सबै किंम्कर्तव्यबिमुड भैरहे ।

आज सारिका उसकी छोरी दिप्तीका साथ द वालडर्फमै संघर्षमय जीवन बिताइरहेका छन् । उनीहरुको अविभावक उनीहरु आफै बनेका छन् । पछि बुझ्दै जाँदा भाष्करले आफू मरेर गए पनि परिवारलाई आफ्नो इन्सुरेन्स लगायत केही मात्रामा सम्पत्ति छोडेर गएको रहेछ । त्यही सम्पत्तिबाट उनीहरूले द वालडर्फको त्यो भव्य भवनलाई क्यान्सर अस्पतालमा परिणत गरे । उनीहरुको भावनालाई कदर गर्दै ब्रिटिस सरकारले यो कार्यमा पूर्णरूपमा सहयोग पुऱ्यायो । अहिले उनीहरु क्यान्सर पीडित रोगीहरूको सेवा गर्छन् । सेवा नै धर्म हो भन्ने कुरालाई आत्मसाथ गर्दै अघि बढिरहेका छन् । क्यान्सर पीडितहरुको सेवा र भाष्करको पूर्णकदको प्रतिमा नै उनीहरुको जिउने सहारा भएको छ ।

# भद्रपुरमा पढ्दै कमाउँदै कार्यक्रम

**भद्रपुर, असार २१।** विद्यार्थीहरूलाई व्यावहारिक, व्यावसायिक र सीपमूलक शिक्षा प्रदान गर्ने उद्देश्यले झापाको सदरमुकामस्थित भद्रपुर नगरपालिकाले विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रमको शुरुवात गरेको छ।

नगर शिक्षा शाखाले नगरमै पहिलो पटक भद्रपुर-१ पृथ्वीनगरस्थित हिमाली माविमा पढ्दै कमाउँदै कार्यक्रमको शुरुवात गरेको हो। विद्यालयमा आयोजित एक कार्यक्रमबीच नगर प्रमुख गणेश पोखरेल र उपप्रमुख राधा कार्कीले पढ्दै कमाउँदै कार्यक्रमको उद्घाटन गरेका छन्।

२०७३ सालदेखि हिमाली माविले प्राविधिक धारतर्फ पशु विज्ञान शिक्षा प्रदान गरिरहेको छ। प्राविधिक शिक्षाको पढाई हुने विद्यालयको रुपमा हिमाली माविलाई छनोट गरी चालू आर्थिक वर्षमा १० लाख बजेट विनियोजन गरी पढ्दै कमाउँदै कार्यक्रमको शुभारम्भ गरिएको नगर प्रमुख पोखरेलले बताए।



यस विद्यालयमा माछा, बाख्रा, बङ्गुर, कुखुरा र गाई पालन गरिनुका साथै तरकारी खेती गर्ने योजनासहित अघि बढेको पाइएको बताउँदै नगर प्रमुख पोखरेलले भने- 'विद्यार्थीलाई व्यवहारिक, व्यावसायिक र सीपमूलक शिक्षा प्रदान गर्न यसले मदत पुऱ्याउनेछ।'

विद्यालय स्तरबाटै विद्यार्थीलाई उद्यमशील बनाउने र देशमै केही गर्न सकिन्छ भनेर भावनाको विकास गराउने उद्देश्यले पढ्दै कमाउँदै कार्यक्रमको शुरुवात गरिएको हो। यो कार्यक्रम अन्य विद्यालयहरूमा पनि क्रमशः विस्तार गर्दै लैजाने नगरपालिकाको योजना रहेको उनले बताए।

त्यस्तै उपप्रमुख राधा कार्कीले अहिलेको आवश्यकता नै प्राविधिक शिक्षा भएको बताइन्। एसइई वा कक्षा १२ पास हुने बित्तिकै वैदेशिक रोजगारीमा जाने युवायुवतीको संख्या बढ्दो रहेको बताउँदै उनले भनिन्- 'प्राविधिक शिक्षाले उनीहरूलाई वैदेशिक रोजगारीमा जान रोक्नुका साथै व्यावसायिक र सीपमूलक बनाउन मदत पुऱ्याउँछ।'

त्यसैले यस वर्षदेखि नगरपालिकाले विद्यालयमै पढ्दै कमाउँदै कार्यक्रम ल्याएको उनको भनाइ छ। हिमालीमा पशु विज्ञान शिक्षा सञ्चालन भइरहेकोले पढ्दै कमाउँदै कार्यक्रम शुरुवात गर्न सहज भएको विद्यालयका प्रधानाध्यापक दीपक दाहाले जानकारी दिए।

पढ्दै कमाउँदै कार्यक्रमको बजेटबाट यस वर्ष माछा पोखरी सञ्चालनमा ल्याएको, टनेल खेती, पशुपालन, दान बनाउने मेसिन खरिद लगायतका काम गरिएको उनले बताए। यो विद्यालय १० बिगाह जमिनमा फैलिएको छ। अगाडि पट्टी विद्यालयको भवन रहेको छ। भवन पछाडि केही जमिनमा पशुपालनका लागि खोर बनाएका छौं। 'पाँच कट्ठा जमिनमा माछा पोखरी खनेका छौं' -उनले भने- 'कृषिजन्य खेतीका लागि पनि जमिन छुट्टाएको र च्याउ खेतीका लागि विद्यालयको एउटा कक्षा कोठा प्रयोगमा ल्याउने तयारी गरेका छौं।' प्राविधिक धारतर्फ ८० जना विद्यार्थी अध्ययनरत् छन्। विद्यार्थीहरू यस शिक्षाप्रति उत्साहित देखिएका छन्। उनीहरूले पढदै कमाउँदै शिक्षामा रमाइरहेको उनको भनाइ छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नवीन भट्टराईको अध्यक्षता भएको कार्यक्रममा भद्रपुर- १ नम्बर वडाध्यक्ष रामप्रसाद अधिकारी लगायतले बोलेका थिए।

# माई पूर्ण खोप सुनिश्चितता पालिका

**– विमल दहाल**

**इलाम, असार २१।** इलामको माई नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ।

माई नगरपालिका प्रमुख खम्बा सिं लिम्बूले नगरपालिकालाई निश्चित इन्डिकेटरका आधारमा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा गरेका गरेका हुन्।

नगरपालिकाका सबै वडालाई पूर्ण खोप सुनिश्चितताका आधारमा तथा वडा वडाको खोप तथ्याङ्क र सूचकका आधारमा पूर्ण खोप सुनिश्चितता नगरपालिका घोषणा गरिएको माई नगरपालिका स्वास्थ्य शाखा प्रमुख पुष्कर कट्टेलले जानकारी दिए। पूर्ण खोप मापदण्ड र सूचकका आधारमा सबै शर्तहरू पूरा गरी नगरपालिकाले पूर्ण खोप सुनिश्चितता पालिका घोषणा गरेको हो।

स्वास्थ्य शाखाले पूर्ण खोप सुनिश्चितताका लागि हरेक वर्ष नियमित खोपको घरदैलो सर्वेक्षण गरी उमेर अनुसार खोप पाए/नपाएको यकिन गरेर खोप लगाउन छुटेको पाइएमा खोप दिने प्रक्रिया अनुरुप खोप दिने व्यवस्था गरेको छ।

कार्यक्रममा माई नगरपालिका प्रमुख लिम्बूले व्यक्ति धनी भएर केही नहुने तर, व्यक्ति स्वास्थ्य र देश धनी भयो भने हाम्रो सफलता रहने बताए। उनले दक्ष जनशक्ति देशभित्रै सेवा गर्न लाग्नु पर्ने बताउँदै पूर्ण खोप लगाउन छुटेमा फेरी खोप लगाएर पूर्ण खोपलाई साकार बनाउनुपर्ने बताए।




त्यस्तै प्रमुख प्रशासकीय अधिकृत महेन्द्र विश्वकर्माले पूर्ण खोप सुनिश्चितता जस्तै अन्य स्वास्थ्य क्षेत्रमा कसरी अगाडि बढाउन सकिन्छ र सफलता हासिल गर्न सकिन्छ भनेर स्वास्थ्यकर्मीलाई आग्रह गरे। उनले अस्पताल लगायत स्वास्थ्य संस्थालाई स्वायत्तता बनाउने सोचमा नगरपालिका रहेको बताए।

यसैबीच नेपाल क्षयरोग निवारण संस्था इलामको प्राविधिक सहयोगमा क्षयरोग निवारण कार्यक्रम प्रारम्भिक नतिजा प्रकाशन तथा समापन कार्यक्रम सम्पन्न भएको छ। नेपाल क्षयरोग निवारण संस्था इलामका अध्यक्ष दिवाकर भण्डारीको सहभागितामा सम्पन्न भएको थियो। कार्यक्रममा माईमा ३१ जनामा क्षयरोग रहेको, ती मध्ये तीन जनामा जटिल प्रकारको क्षयरोग रहेकोमा दुई जना विराटनगरमा र एक जना माई अस्पतालमा नियमित निगरानीमा उपचार गर्दै रहेको जानकारी गराइएको थियो।

कार्यक्रममा माईका दश वटै वडाका स्वास्थ्य व्यवस्थापन समिति, स्वास्थ्य इञ्चार्ज, अनमी, अहेवलाई सम्मान गरिएको थियो। क्षयरोग निवारण संस्था इलाम र अध्यक्ष दिवाकर भण्डारीलाई क्षयरोग निवारणमा सहयोग गरेवापत प्रंशसापत्रसहित सम्मान गरिएको थियो। त्यस्तै कार्यक्रममा सेवाबाट निवृत माई-९ का टेकनारायण श्रेष्ठ र सेवा छोड्नु भएकी कट्टेलटार आधारभूत स्वास्थ केन्द्रकी रेवता कट्टेललाई समेत विदाइ कार्यक्रम गरिएको थियो।

माई नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा सम्पन्न कार्यक्रममा पूर्ण खोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम तथा क्षयरोग निवारण कार्यक्रम प्रारम्भिक नतिजा प्रकाशनका वारेमा जानकारी आदनप्रदान भएको थियो। कार्यक्रम माईका नगर प्रमुख लिम्बूको अध्यक्षता र स्वास्थ्य शाखा माईका प्रमुख पुष्कर कट्टेलको सञ्चालनमा सम्पन्न भएको थियो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत विश्वकर्मा, नेपाल क्षयरोग निवारण संस्था इलामका अध्यक्ष दिवाकर भण्डारी, माई नगरपालिका वडा नम्बर ३ का वडाध्यक्ष देवकुमार तामाङ्ग, स्वास्थ्य स्वयम्सेविका चन्द्रकला श्रेष्ठ, स्वास्थ्यकर्मी गायत्री निरौला, मूना मगर लगायतले बोलेका थिए।

# रोटरी क्लवद्वारा ह्वीलचियर वितरण

**बिर्तामोड, असार २१।** रोटरी क्लव अफ काष्ठमण्डपले बिर्तामोड-९ का तीन जनालाई ह्वीलचियर वितरण गरेको छ।

अन्तर्राष्ट्रिय झापाली समाजको पहलमा रोटरी क्लव अफ काष्ठमण्डपले बिर्तामोड- ९ का ९० वर्षीया बोमादेवी अधिकारी, ७६ वर्षीया हिमा श्रेष्ठ र ७ वर्षीय उत्सव श्रेष्ठलाई ह्वीलचियर प्रदान गरेको हो।

पञ्चकन्या टोलस्थित पञ्चकन्या मन्दिर प्राङ्गणमा भएको कार्यक्रममा प्रमुख अतिथि बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्रप्रसाद संग्रौला, रोटरी क्लव अफ काष्ठमण्डपका सदस्य कलाकार अशोक शर्मा र अन्तर्राष्ट्रिय झापाली समाजका अध्यक्ष मुकुन्द ढुंगानाले संयुक्तरूपमा उनीहरुलाई ह्वीलचियर हस्तान्तरण गरेका थिए।

पञ्चकन्या कीर्तन मण्डलीका अध्यक्ष तुलसीराम काफ्लेको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि संग्रौला, झापाली समाजका अध्यक्ष ढुंगाना, रोटरी क्लव अफ काष्ठमण्डपका सदस्य शर्मा, बिर्तामोड नगरपालिका कार्यपालिका सदस्य संगीता सिवा लगायतले बोलेका थिए।

समाजसेवी प्रकाश बुढाथोकीले स्वागत गरेको कार्यक्रममा वडासदस्य सल्पना राजबंशी, झापाली समाज युएईका मनोज पौडेल, दुर्गा सिग्देल, महिला अधिकारकर्मी दुर्गा आचार्य, योगदान राष्ट्रको लागि झापा सदस्य तुलसी पाठक, सामाजिक व्यक्तित्व यज्ञराज श्रेष्ठ, वेदनिधि नेपाल लगायतको आतिथ्य रहेको थियो। कार्यक्रमको सञ्चालन अन्तर्राष्ट्रिय झापाली समाजका बिर्तामोड संयोजक प्रदीपकुमार संग्रौलाले गरेका थिए।




# 'स्थानीय निकायमा कानूनी साक्षरता अनिवार्य'

**झापा, असार २१।** सरकारले राष्ट्रपति रामचन्द्र पौडेलले भारतमा गराएको आफ्नो उपचार खर्च दिने सरकारको निर्णयबिरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेर चर्चामा आएका अधिवक्ता बिष्णु गिरीले देशैभरीका स्थानीय निकायमा कानूनी साक्षरता अभियान सञ्चालन गरिनुपर्ने बताएका छन्।



ललितपुर बार एसोसियसनका सदस्य समेत रहेका अधिवक्ता गिरीले कानूनका जान्नैपर्ने आधारभूत कुरा बुझाएर जनतालाई सूचित बनाउन यो अभियान आवश्यक रहेको बताए। कुन विषय र मुद्दामा कस्तो कानून आर्कषण हुन्छ भनेर ग्रामीण क्षेत्रका बासिन्दालाई जानकारी भयो भने अपराध न्यूनीकरणमा सहयोग अधिवक्ता गिरीको भनाइ छ।

ज्यान सम्बन्धी, करणी, विवाह, अपहरण, शरीरबन्धक, बोक्सीको आरोप, छुवाछुत र भेद्भाव सम्बन्धी कानूनी साक्षरता ज्ञान स्थानीय निकायमा आवश्यक रहेको उनले बताए। अंश, सम्बन्धविच्छेद, अपुताली, दानबकस, लिखत पारित लगायतको मुद्दाको बारेमा पनि स्थानीय निकायले कानूनी साक्षरताको माध्यमबाट जनतालाई बुझाउनको लागि पनि अभियान आवश्यक रहेको अधिवक्ता गिरीको भनाइ छ।

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## बराल ट्याक्सी सर्भिस

दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२
९८०१३६४०९३

## सेफ्टी ट्यांकी चाहिएमा

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*



सम्पर्कः दमक, सुरुङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर

| देवराज गिरी | विशाल हरिजन |
|---|---|
| ९७०६१९६४०६ | ९८१४९१७७११ |
| ९८४२०७०५८६ | ९८४२७३३६१२ |

## श्री पतालगंगा बचत तथा ऋण सहकारी संस्था लि., बिर्तामोड-५, झापा

# कर्जा बुझाउन आउने बारे सूचना

दोस्रोपटक प्रकाशित मितिः २०८१।०३।२२

यस संस्थासँग कर्जा कारोबार गर्ने तपशिल अनुसारका ऋणी सदस्यहरुले संस्थालाई तिर्नु बुझाउन पर्ने साँवा तथा ब्याजको नियमित मासिक किस्ता विगत लामो समयदेखि नबुझाएको र ऋण रकम बुझाउने किस्ता भाखा/अन्तिम भाखा समेत नाघिसकेको र पटक-पटक लिखित एव्म मौखिक तागेता गर्दा समेत अटेर गरी हालसम्म आफूले तिर्न बुझाउनुपर्ने सम्पुर्ण साँवा तथा ब्याज फरफारक नगरेको हुँदा यो सूचना दोस्रो पटक जारी गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आफूले बुझाउन वा बुझाइसकेको भए प्रमाणसहित संस्थामा सम्पर्क राख्न सुचित गरिन्छ। अन्यथा कालो सुचिमा राख्न लेखि पढाई सहकारी ऐन २०७४ बमोजिम कानूनी कारवाही अगाडि बढाइने जानकारी गरिन्छ।

**१. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : ताराचन राजवंशी (किरण)
बाबुको नाम : विरेन राजवंशी
बाजेको नाम : अजय राजवंशी
ना.प्र.नं. : ०४-०१-७०-२५२६० (झापा)
फोन नं. : ९८२४०३०७९९
ठेगाना : बिर्तामोड- ५
परिवारको जमानीकर्ता : अजय राजवंशी
जमानीकर्ता : करुण राजंवशी
जमानीकर्ता : योगेश अधिकारी

**२. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : रेखा सेन्चुरी
बाबुको नाम : हर्क बहादुर सिलवाल
बाजेको नाम : राम लाल सिलवाल
पतिको नाम : नर बहादुर वि.क
ना.प्र. ०४-०१-६८-०४२५८ (झापा)
फोन नं. ९८१६९१४९५९
ठेगाना : बिर्तामोड- ०३
परिवारको जमानीकर्ताः धनमाया पोर्तेल विश्वकर्मा
बाबुको नाम : कृष्ण बहादुर पोर्तेल
ना.प्र.नं. ०४-०१-७०-१७९६५

**३. ऋणी /जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : किसन दर्जी
बाबुको नाम : धन बहादुर दर्जी
बाजेको नाम : बल बहादुर दर्जी
पत्निको नाम : विन्दु दर्जी
ना.प्र.नं. : ८२३१११४२ (झापा)
ठेगाना : अर्जुनधारा-११
परिवारको जमानीकर्ता : रुपेश दर्जी
बाबुको नाम : धन बहादुर दर्जी
ना.प्र.नं. : ०४३०१०/६२३ झापा
जमानीकर्ता : नर माया राई
जमानीकर्ता : इन्दिरा ठटाल

**४. ऋणी/जमानीकर्ताहरुको नाम**
ऋणीको नाम : अम्बिका सुन्दास
बाबुको नाम : विष्णु प्रसाद रनपहेली
बाजेको नाम : पुर्ण बहादुर दर्जि
पतिको नाम : नेत्र सुन्दास
ना.प्र.नं. : ३२३/१५ (पाँचथर)
ठेगाना : विर्तामोड ( ०५
जमानीकर्ता : रन्जना सुब्बा
जमानीकर्ता : फुलमाया दमाई

**ऋण असुली उप-समिति**

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

# झापा सेफ्टी ट्यांकी तथा ढल सफाई



| बिर्तामोड सम्पर्क | दमक सम्पर्कः |
|---|---|
| राजुकुमार श्रेष्ठ | देवी सिटौला |
| ९८५२६४६००५, ९८०६०१०४१० | ९८२४९७९१८५, |
| ९८४२६३४६२, ०२३-५४६००५ | ९८४२७६०२६५, |
| | ९८४२३३२४३० |

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको

# मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| अनिमा राजवंशी | कोरोबारी-७ | १८२५<br>१८२७ | ०-१-५<br>०-०-१० | कामी ताजपुरीया, कामी राजवंशी<br>परदेशी राजवंशी |
| नेम्नी राजवंशी | कोरोबारी-२ | २२८८ | ०-२-० | प्रधान सतार/जल्पा सतार |
| शंकर राजवंशी | कोरोबारी-६ | ७४० | ०-४-२ | थाप्नु कहार/धाप्नु काहाल/धाप्नु माहार |
| शेर ब. तामाङ्ग | पाराखोपी-९ | २९९६<br>२९९३ | ०-०-७.५<br>०-०-१.५ | बन्दु बाव/बन्दुलाल चौधरी/बन्धु चौधरी |
| पदमा राजवंशी | पाराखोपी-६ | ३४८० | ०-६-१० | निधु राजवंशी |
| राजन सम्बाहाम्फे | तोपगाछी-९ | ३८२८ | ०-९-१५ | गिदु हस्दा सतार/गेन्दु हस्दा सतार |
| कृष्णाकुमारी सिटौला | गरामनी-२ | २६६ | ३१००.०० | गंगा प्रसाद शिवाकोटी |
| भिमराज राई | गौरीगञ्ज-८ | ४५७ | ५३०.०० | पंचु मुसहर |
| चन्दा देवी गुप्ता | ज्यामीरगढी-३ | ३३१८ | ०-१-० | वागर चौधरी |
| किसारे प्रसाद दास कसेरा | खजुरगाछी-८<br>खजुरगाछी-९ | ८८<br>१६१ | १६३८.००<br>७९० | याकु व.मिया/पाकु मिया<br>जमराद मिया/जतिन मिया |

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर




**Royal Enfield** को आधिकारिक बिक्रेता (डिलर) भएकाले **Royal Enfield** को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

**पानीटंकीको पहिलो गल्ली दायाँ साइड** सम्पर्क : **निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)**

***नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।***
Youtube Channel : Nishat M jotic kendra



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडी हुने देखिएकोले खानपानमा ध्यान दिनुहोला।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** आजको दिन फलदायी छ, चिठ्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनाले मन प्रशन्न रहनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** तपाइँको मन अशान्त र निराश रहन सक्छ, गुप्ताङ्गमा समस्या देखापर्न सक्छ, व्ययभार धान्न नसकेर मन चिन्तित रहला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** रचनात्मक काम शुरू गर्ने समय आएको छ, पहिले गरिएको कामको हौसलाले थप ऊर्जा मिल्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** समयमा होस नपुग्नाले व्यवहारमा पछि परिएला, आफ्नाबाट टाढिनुपर्ने स्थिति आउन सक्छ, अवसरका लागि निक्कै दौडधुप गर्नुपर्ने समय रहेको छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** समय अनुकुल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ। छोटो दुरीको यात्रा हुनेछ, बिपरित लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नेछन्, मन प्रशन्न रहला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** स्वास्थ्य प्रतिकुल बन्नेछ, मन अशान्त रहने छ, छोटो दूरीको कष्टकर यात्रा हुने सम्भावना रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अधुरा रहेका कामहरू सिद्ध हुनेछ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, धैर्य रहनुहोला।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ, सतर्क रहनुहोला।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको श्रोत बढ्नेछ, माया-प्रेमको डोरो कसीलो भएर जाने योग रहेको छ।